**तल झरिरहेको (लत्रिरहेको) बिजुलीको तारबाट सुरक्षा**

तल झरेका (लत्रेका) बिजुलीका तारहरू एकदम खतरनाक हुन्छन् र गम्भीर चोटपटक र मृत्यु पनि निम्त्याउन सक्छन्। तिनलाई कहिल्यै नछुनुहोला। तपाईँको सुरक्षाको लागि कुनै पनि तल झरेका (लत्रेका) बिजुलीका तारहरू करेन्टयुक्त (लाइभ) छन् भन्ने मान्नुहोस् र यी निर्देशनहरूको पालना गर्नुहोस्:

तुरुन्तै 911 र (802) 658-0300 मा BED लाई कल गर्नुहोस्।

- तल झरेका (लत्रेका) बिजुलीका तारहरू हातले वा अन्य वस्तुको मद्दतले नछुनुहोस्।
- तल झरेको (लत्रेको) बिजुलीको तार छोएका वस्तुहरू छुनबाट टाढा रहनुहोस्, जसमा कार, वस्तु, उपकरण वा व्यक्ति नै पनि पर्न सक्छ।
- तल झरेका (लत्रेका) बिजुलीका तारहरूदेखि बालबालिका र घरपालुवा जनावरहरूलाई टाढै राख्नुहोस्।
- तल झरेका (लत्रेका) बिजुलीका तारहरूमाथिबाट गाडी नहाँक्नुहोस्।

**तल झरेको (लत्रेको) बिजुलीको तारले तपाईँको गाडीमा छोयो भने के गर्ने?**

यदि तपाईँ गाडीभित्र हुनुहुन्छ र तल झरेको (लत्रेको) बिजुलो तारले गाडीलाई छोयो भने, आफ्नो सुरक्षाको लागि निम्न निर्देशनहरूको पालना गर्नुहोस्:

- तुरुन्तै 911 कल गर्नुहोस्।
- आफ्नो कारभित्रै रहनुहोस्। तपाईँको गाडी र गाडी वरपरको भुइँमा विद्युतीय करेन्ट प्रवाहित भइरहेको हुनसक्छ जुन अत्यन्त खतराजनक हुन्छ।
- हर्न बजाउनुहोस्, र झ्याल तल सार्नुहोस्, र सहायताको लागि बोलाउनुहोस्।
- अरूलाई पर हट्न अनुरोध गर्नुहोस्। कार वा भुइँमा छुने जो कसैलाई गम्भीर चोटपटक लाग्न सक्छ।
- अग्नि नियन्त्रक, प्रहरी, वा BED प्रशिक्षित कर्मचारीहरूले गाडीबाट बाहिर निस्कन सुरक्षित रहेको कुरा नबताएसम्म प्रतीक्षा गर्नुहोस्।

**तपाईँको कारलाई तल झरेको (लत्रेको) बिजुलीको तारले छोयो र आगो लाग्न सुरु भयो भने के गर्ने?**

यदि तपाईँ कारभित्र हुनुहुन्छ र कारमा तल झरिरहेको (लत्रेको) बिजुलीको तारले छोएर आगो लाग्न सुरु गऱ्यो भने यी कदमहरू चाल्नुहोस्:

- खुल्ला कपडा खोल्नुहोस्।
- तपाईँको शरीरको कुनै पनि भागले कार र भुँलाई एकै चोटि नछुनुहोस्। तपाईँको शरीर हुँदै विद्युतीय करेन्ट प्रवाह भएर तपाईँलाई करेन्ट लाग्न सक्छ।
- आफ्नो हात दुईपट्टि साइडमा राखेर गाडीबाट बाहिर हाम फाल्नुहोस्, ताकि तपाईँको खुट्टाले भुइँ छुँदा तपाईँको शरीरले गाडीलाई नछोओस्। भुइँमा दुबै खुट्टा एकै चोटि अवतरण गर्नुहोस्।
- दुबै हात सँगै राखेर खुट्टा नउचाली गाडीदेखि टाढा भाग्नुहोस्।